# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक ४२ | बुटवल | २०८१ माघ २३, गते बुधबार | नेपाल संवत ११४५ | Wednesday Feb. 05, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## रविसहित १५ जनाविरुद्ध मुद्दा दर्ता



बुटवल । पूर्वगृहमन्त्री एवम् राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेविरुद्ध मंगलबार चितवनमा पनि मुद्दा दर्ता भएको छ । साहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था ठगी प्रकरणमा उनीसहितका १५ जनाविरुद्ध मुद्दा दर्ता भएको हो । चितवन जिल्ला अदालतमा सोमबार नै मुद्दा दर्ताको तयारी थियो तर सरकारी वकिलहरूको कार्य व्यस्तताका कारण मंगलबार दर्ता गरिएको हो ।

सरकारी वकिल कार्यालयले लामिछानेसहित थप १५ जना व्यक्ति र ६ वटा संस्थाविरुद्ध सहकारीको रकम हिनामिना गरेर ठगी गरेको अभियोगसहित मुद्दा दर्ता गरेको हो । चितवन जिल्ला सरकारी वकिल कार्यालयले यसअघि ढाँचा र तथ्यतथ्यांक नमिलेको भन्दै पुनः अनुसन्धान प्रक्रिया सकेर प्रतिवेदन पेस गर्न प्रतिवेदनको फाइल प्रहरीलाई फर्काएको थियो । त्यसको केही दिनपछि प्रहरीले प्रक्रिया मिलाएर सरकारी वकिल कार्यालयमा फाइल पठाएको थियो । त्यसको अध्ययन सकेर मंगलबार सरकारी वकिल कार्यालयले मुद्दा दर्ता गरेको हो ।

रवि लामिछाने, रामबहादुर खनाल, रबिना रिमाल, विशाल तामाङ,नवीन अछामी, कविता तामाङ, दिपक लामा, असरफ अलि सिद्दिकी, भगवती बम्जन, लक्ष्मीप्रसाद पौडेल, विज्ञान राई, नेत्रपाणि बास्तोला , शिवबहादुर गुरुङ र प्रगती श्रेष्ठविरुद्ध मुद्दा दर्ता गरिएको हो ।

रविलाई सहकारी ठगीमा मात्रै मुद्दा दर्ता गरिएको छ भने अन्य १२ जनालाई संगठित अपराध कसुरमा पनि मुद्दा दर्ता गरिएको सरकारी वकिल कार्यालयले जनाएको छ । प्रहरीको अनुसन्धान प्रतिवेदनमा यो सहकारीको ३८ करोड ९ लाख ७९ हजार रुपैयाँ हिनामिना भएको उल्लेख छ । सहकारीबाट विभिन्न कम्पनीमा गएको रकमसमेत गर्दा ५६ करोड २२ लाख ५० हजार हाराहारीमा रकम बिगो कायम हुनुपर्ने राय प्रहरीको छ ।

यसअघि गत असोज ८ गते पनि १७ जनाविरुद्ध चितवन जिल्ला अदालतमा मुद्दा दायर भइसकेको थियो । सरकारी वकिल कार्यालयले जीबी राईसहित कुमार रम्तेल, सागर केसी, बीरबहादुर रानाभाट, हेमन्त अधिकारी, छत्रमणी भट्टराई, भपेन्द्र राई, अनन्त बाबु राई, आशिष आनन्द, देवेन्द्र बाबु राई, दिनेश रोका, दीपा न्यौपाने, शिवप्रसाद आचार्य, मनोज गुरुङ, तीर्थराज लामिछाने, शरण विश्वकर्मा, थमन भन्ने दानबहादुर बुढामगरलाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको थियो ।

यसअघि रवि लामिछाने विभिन्न जिल्लाका सहकारीको मुद्दाबाट धरौटी रकममा छुटेका थिए । सुरुमा कास्कीको सूर्यदर्शन सहकारीको मुद्दामा ६५ लाख, त्यसपछि काठमाडौंको स्वर्णलक्ष्मी सहकारीको मुद्दामा ६५ ला र रुपन्देहीको सुप्रिम सहकारीको मुद्दामा एक करोड धरौटी बुझाएर उनी छुटेका हुन् ।

» बाँकी ३ पेजमा

## औद्योगिक र पर्यटकीय विकासमा सिद्धार्थनगरको जोड

भैरहवा । रुपन्देहीको सिद्धार्थनगर नगरपालिकाले स्थापना भएको ५७ वर्ष पुगेको छ । ५७औं स्थापना दिवसका अवसरमा मंगलबार नगरपालिकाले भैरहवास्थित महेन्द्र सभागृहमा विशेष समारोह आयोजना गरी दिवस मनाएको छ । स्थापना दिवसको मूल समारोहमा बोल्ने वक्ताहरुले नगरपालिकालाई औद्योगिक एवं पर्यटकीय हवका रुपमा विकास गर्नुपर्नेमा जोड दिए । पछिल्लो समय शिक्षा, स्वास्थ्यको क्षेत्रमा पनि नगरपालिका अब्बल बन्दै गएको भन्दै वक्ताहरुले पर्यटनलाई विशेष प्राथमिकता दिएर अघि बढ्नुपर्ने धारणा राखे ।

जिल्ला समन्वय समिति सभापति उमाकान्त चपाईंले आर्थिक, सामाजिक र पर्यटकीय विकासमा नगरपालिकाले गरेका काम प्रशंसायोग्य रहेको जनाए । मानव संसाधानको विकास गरी नगरलाई पर्यटनको हब बनाउनुपर्ने उनको सुझाव छ । ‘भारतसँग सीमा जोडिएका कारण पनि नगरमा पर्यटनको सबैभन्दा राम्रो सम्भावना छ’, उनले भने-‘यसका लागि सबै जनप्रतिनिधि एकढिक्का भएर काम गरे नगरले पर्यटनका माध्यमबाट आफ्नो पहिचान स्थापित गर्नसक्छ ।’ चपाईंले जनप्रतिनिधिहरु जनताका कामप्रति कटिबद्ध भएर लाग्नुपर्नेमा जोड दिए ।

बुटवल उप-महानगरपालिकाका प्रमुम खेलराज पाण्डेले आमनागरिकमा स्थानीय सरकारप्रति थप विश्वास बढीरहेकाले कार्यसम्पदान चुस्त हुनुपर्नेमा जोड दिए । नगरले पछिल्ला वर्षहरुमा गरेको भौतिक, मानवीय र अन्य विकास सह्रानीय रहेको जनाउँदै औद्योगिक र पर्यटन क्षेत्रलाई केन्द्रमा राखेर विकासका काम अघि बढाउन उनले सुझाए ।

सिद्धार्थनगर प्रमुख इश्तियाक अहम्मद खाँले स्वास्थ्य, शिक्षा, पर्यटन, उद्योग-व्यापार, वातावरणलगायतलाई आफूहरुले प्राथमिकतामा राखेको जनाए । ‘नगरलाई सुन्दरीकरण गरी अधिक पर्यटक यहाँ आउने वातावरण सिर्जना गर्न हामी लागि परेका छौं’, उनले भने-‘निजी क्षेत्र र आमनगरवासीको साथ लिएर काम गरिरहेका छौं । आउँदा दिनमा पनि यहाँहरुको सहयोगको अपेक्षा राखेका छौं ।’ उनले बुद्ध जन्मस्थल लुम्बिनीको प्रवेशद्वार समेत भएकाले यहाँ पर्यटनको अधिक सम्भावना रहेको उल्लेख गरे । भारतीय पर्यटकले सीमा क्षेत्रमा पाउँदै आएको दुःखलाई अन्त्य गर्न सबै सरकारी निकायसँग समन्वय गरेर काम गरिरहेको उनको भनाइ छ ।

शुद्धोधन गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद ढकालले सिद्धार्थनगर पर्यटनका लागि नै बनेको भन्दै यसतर्फ ध्यान दिन आग्रह गरे । पालिकाले गरेको कार्यसम्पदान उत्कृष्ट रहेको उल्लेख उनले गरे । बुटवल उपमहानगरपालिका उपप्रमुख सावित्रीदेवी अर्याल र कपिलवस्तुको वाणगंगा नगरपालिका उपप्रमुख रीताकुमारी चौधरीले सिद्धार्थनगरको विकास मुलुकमै हेर्न लायक भएको जनाए ।

सिद्धार्थनगर नगरपालिका उप-प्रमुख उमा अधिकारीले नगरपालिकाले पर्यटन, कृषि, स्वास्थ्य, शिक्षालगायतका क्षेत्रलाई प्राथमिकतामा राखेको जनाइन् । उनले महिलाहरुलाई हरेक क्षेत्रमा नेतृत्व लिएर अघि बढ्न आग्रह गरिन् । नगरपालिकाको टिमवर्कका कारण धेरै राम्रा र सकारात्मक कामले गति लिएको उनको भनाइ छ ।

» बाँकी ३ पेजमा

# वर्षौंदेखि बन्द महेन्द्र सभा गृह खुल्यो

### सिद्धार्थनगर नगरपालिकाले आफ्नो ५७औं स्थापना दिवस समारोह वर्षौंदेखि बन्द रहेको सभागृह सम्झौताअनुसार मर्मत गराई सभागृहको पुनः सुरुवात गरेको छ ।



**मोहम्मद हबिब**

*भैरहवा*

रूपन्देहीको सिद्धार्थनगर-१३ मा अवस्थित महेन्द्र सभागृह वर्षौंपछि खुलेको छ । सभा समारोहका लागि सिद्धार्थनगर नगरपालिकाको स्वामित्वमा रहेको सो सभा गृह वर्षौंदेखि बन्द थियो । नगरपालिकाले २०७० साल असोज ४ गते महेन्द्र सभा गृहलाई व्यवस्थित तथा दिगो किसिमले सञ्चालन गर्ने उद्देश्यले निलम पटवा (पटवा टेन्ट हाउस) सँग २० वर्ष बहालका लगि सम्झौता गरेको थियो । सम्झौता भई उद्देश्य अनूरुप नचलेपछि दैनिक लुम्बिनीले लगातार समाचार सम्प्रेसण गर्दै आएको थियो । मंगलबार सिद्धार्थनगर नगरपालिकाले आफ्नो स्थापना दिवस समारोह सोही सभागृहमा गरी सभागृह खूल्यो भन्ने उदाहरण पेश गरेको छ । नगरपालिकाको कार्यक्रमसँगै हलमा अब निरन्तर कार्यक्रम सञ्चालनको लागि बाटो खुलेको छ ।

२०४२ साल पौष १ गते शिलान्यास भएको सभागृह २०४६ साल माघमा राजा वीरेन्द्रबाट पश्चिमाञ्चल विकास क्षेत्रको अनौपचरिक भ्रमणको अवसरमा रुपन्देही जिल्लामा आउँदा उद्घाटन भएको थियो । सिद्धार्थनगरको गहनाको रुपमा रहेको सो सभागृह निर्माणमा सिद्धार्थनगर नगर पञ्चायतबाट ९३ लाख ८० हजार सात सय ७०, सिद्धार्थनगर नगरवासीको तर्फबाट १५ लाख, १७ हजार ४ सय ९९, जिल्ला पञ्चायत रुपन्देहीबाट ५ लाख, सडक विभाग रुपन्देहीबाट आन्तरिक सडक निर्माणमा २ लाख १८ हजार ६ सय ८८ रुपैयाँ बराबरको भौतिक सहयोग र नेपाल विद्युत प्राधिकरण भैरहवा शाखाबाट ट्रान्सफर्मर र कन्डक्टर तारमा ९४ हजार १ सय ९१ रुपैयाँ बराबरको भौतिक सहयोगमा निर्माण भई नगर पञ्चायत र पछि नगरपालिकाको स्वामित्वमा सञ्चालन भइरहेको थियो ।

नगरपालिकाले सञ्चालन गर्न नसकेपछि सभा गृहलाई व्यवस्थित तथा दिगो किसिमले सञ्चालन गर्दै नगरवासीलाई सरल सुलभ स्वच्छ र व्यवस्थित सेवा प्रदान गर्ने गरी २०७० साल असोज ४ गते महेन्द्र सभा गृह (गणतान्त्रिक) लाई निजी क्षेत्र पटवा टेन्ट हाउसको प्रोपराइटर निलम पटवाको नाममा पनि २० वर्षको लागि बहालमा दिने गरी सम्झौता भएको थियो । नाम श्रीमतीको भए पनि टेन्ट हाउसको सञ्चालन तथा व्यवस्थापन चन्द्र मोहन पटवाले गर्ने गरेका छन् । सम्झौतामा पटवाले सभागृह र चर्चेको ठाउँ बहालमा लिएर १० वर्षभित्र २ करोड बराबरको थप संरचना निर्माण गर्ने, ति संरचनाहरु तेस्रो पक्षलाई प्रयोग गर्न दिएबापत लाग्ने भाडा वा सेवा शुल्क नगरपालिकाले आर्थिक वर्ष २०७०/०७१को स्वीकृत दरअनुसार हुने भनिएको थियो, तर कार्यान्वयन खासै नदेखिएपछि बेला बेलामा महेन्द्र सभा गृहको सर्वत्र आलोचना हुँदै आएको थियो ।

सम्झौतापछि पटवाले सभागृहको मर्मत गरे पनि ८ करोड बढीको लगानीमा सभागृह पछाडिको जमिनमा बैंक्वेट (पार्टी प्यालेस) बनाएका थिए । सडकको सतहमाथि गएकोले सभागृहको भूईबाट नै पानी निस्कने र जम्ने भएपछि सभागृह रोजाइमा पर्न नसकेर बन्द हुने अवस्थामा पुगेको थियो ।

सभागृह र चर्चेको क्षेत्र प्रयोग गरेवापत नगरपालिकाले पहिलो ५ वर्ष २ लाख, त्यसपछिको ५ वर्ष ३ लाख, त्यसपछि ४ लाख र अन्तिम ५ वर्ष ५ लाख प्रति महिना बहाल लिने सम्झौता छ । सम्झौतामा संरचनाको मर्मत सम्भार र नयाँ निर्माणपश्चात् कायम हुने संरचनाहरुको भाडा तथा सेवा शुल्क दर दुवै पक्षको सहमतिमा कायम गर्ने, नयाँ दररेट स्वीकृतीको लागि नगरपालिकलाई प्रस्ताव गरी १५ दिनमा दुवै पक्षको सहमतिमा कार्यान्वयन गर्ने छ ।

पटवा टेन्टले सभागृहलाई मर्मत सम्भार गरेर चलाउनुको साटो नयाँ हल बनाएकोले पनि आकर्षक सभागृह ओझेलमा पर्ने गरेको थियो । राज्य र जनताको सम्पतिको रुपमा रहेको भैरहवाको गहना मर्मत सम्भार र प्रयोग नगरी गोदामको रुपमा परिणत भई जीर्ण भइरहेको भनेर पछिल्लो समयसर्वत्र आलोचना हुन थालेपछि नगरपालिका सम्झौता तोड्ने अवस्थामा पुगेको थियो । पटवाले समय लिई उद्देश्य अनुरुप कार्य गर्ने भनी लाखौ रकम खर्चेर सभागृहको पुनःनिर्माण गरेसँगै सभागृह सञ्चालनमा आएको छ । प्रयोगविहीन बनेको सभागृहको सतह अहिले माथि उठाई रंगरोगन तथा मर्मत गरिएको छ । कुर्सीहरुलाई व्यवस्थित गर्दै अपुग पूर्वाधारहरुको निर्माणका लागि निरन्तर काम गर्ने गरी पटवाले काम अघि बढाएको छ ।

सिद्धार्थनगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जनक थापाले महेन्द्र सभा गृह नितान्त नगरपालिकाको सम्पत्तिको रुपमा रहेकोले यसको मर्मत र संरक्षणको जिम्मा मात्रै निजी क्षेत्रलाई दिएको बताए । सम्झौता विपरीत प्रयोगविहीन अवस्थामा रहेको सभागृहको मर्मतमा अहिले ६० लाख खर्चेर प्रयोग गर्ने अवस्थामा आएको छ । ‘पटवाले सभागृहको थप विकासका लागि अझैँ ६० लाख लगात अनुमानमा अत्याधुनिक स्तरको रुपमा विकास गर्ने गरि नगरपालिकाका प्रविधिकहरुले इस्टिमेट गरेका छन् ।’- प्रमुख प्रशासकीय अधिकृत थापाले भने ।

» बाँकी ३ पेजमा

## पाँच सय जना क्षमताको जेष्ठ नागरिक भवन बनाउन श्रृंङ्गेश्वर धाममा महायज्ञ गरिँदै



**लुम्बिनी संवाददाता**

*तिलोत्तमा*

रुपन्देहीको तिलोत्तमामा रहेको श्रृंङ्गेश्वर धाममा जेष्ठ नागरिक मिलन केन्द्रको भवन बनाउन आर्थिक संकलन गर्न महायज्ञ गरिने भएको छ । यहि माघको २४ गतेदेखि फागुन २ गतेसम्म श्रीमद्भागवत ज्ञान-विज्ञान श्रृङ्गेश्वर धार्मिक महा महोत्सव तथा श्रृङ्गारिक महाआरती हुन लागेको हो । महायज्ञको तयारी गरिएको छ ।

धार्मिक पर्यटनको केन्द्र बन्दै गरेको धाममा ५ सय जनासम्म जेष्ठ नागरिकलाई दिनभर राखेर स्याहार-सुसार गर्न सुविधा सम्पन्न भवन आवश्यक भएकाले आर्थिक संकलन गर्ने उद्देश्यले महायज्ञ गर्न लागिएको महायज्ञ आयोजक समितिका अध्यक्ष ऋषि भण्डारीले बताए ।

१८ कठ्ठा क्षेत्रफलमा फैलिएको धाम परिसरमा रहेको हालको भवनमा करिब सय जना मात्र जेष्ठ नागरिक बस्न मिल्ने क्षमता छ । तर मिलन केन्द्रमा धेरै जेष्ठ नागरिक आउन चाहेकाले नयाँ भवन अत्यावश्यक भएको अध्यक्ष भण्डारीले बताए । झण्डै ५० लाख रुपैयाँ खर्च हुने महायज्ञबाट ५ करोड बढी दान संकलन गर्ने आयोजकको लक्ष्य छ । ५ तले भवन निर्माणका लागि मात्रै करिब ५ करोड लागत अनुमान गरिएको छ । धामलाई दीगो रुपमा सञ्चालन गर्न भवनको लागत वाहेक बढी रकम समेत महायबाट संकलन हुने अपेक्षा गरिएको अध्यक्ष भण्डारीले बताए ।

‘हामीले जेष्ठ नागरिकको सेवाका लागि पवित्र उद्देश्यले भवन बनाउन लागेकाले रुपन्देही मात्र नभई देश विदेशबाट समेत दान सहयोग आउने अपेक्षा गरेका छौं,’ भण्डारीले भने-‘५ तले जेष्ठ नागरिक भवन बन्दा श्रृंगेश्वरधाम नेपालकै नमूना धाम बन्ने छ, त्यसमा सबैको स्वेच्छिक साथ सहयोगको अपेक्षा गरेका छौं ।’

महायज्ञको बिहीबार तिलोत्तमा नगरपालिकाका नगरप्रमुख रामकृष्ण खाँणले उद्घाटन गर्ने छन् भने बिहान शोभा कलश यात्रा गरिने जेष्ठ नागरिक मिलन केन्द्रका अध्यक्ष यदुनाथ पाण्डेले बताए ।

महायज्ञ अवधिमा ब्रतबन्ध, चौरासी पुजा, ग्रहशान्ति, तुलादान, रुद्रादिभिषेकलगायतका विशेष कर्मसमेत गरिने उनले बताए । त्यस अवसरमा गुल्मेली सम्पर्क समाजका अध्यक्ष डा. नारायण पन्थले महायज्ञमा आई संगितमय कथा श्रवण गर्न र सक्दो दान गर्नको लागि आह्वान गरे ।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# छाडा गाईवस्तु व्यवस्थापनमा साझेदारी

बुटवल उप-महानगरपालिकाले शिवनगर सामुदायिक वनमा रहेको गौशालामा ४ सय छाडा गाई व्यवस्थापन गर्दै आएको छ। पटक-पटक सडकमा छोडिएका गाईवस्तु समातेर गौशालामा राख्दै आएको उप-महानगरपालिकालाई अहिले छाडा गाईवस्तु व्यवस्थापन चुनौती बनेको छ। गौशालामा रहेका गाईको आहारा व्यवस्थापनको जटिलता एकातिर छंदैछ । सडकमा रहेका गाई गौशालामा पुऱ्याएको केही दिनमै उत्तिकै संख्यामा गाईवस्तु सडकमा देखिन्छन् ।

किसानले दूध दिन छाडेपछि गाई सडकमा छाड्ने प्रवृत्तिले छाडा गाईवस्तु व्यवस्थापन जटिल बन्दै गएको छ । किसानले सडकमा छाड्ने र उप-महानगरपालिकाले गौशालामा पुऱ्याउने नियमित झैँ भएको छ। किसानका गोठका गाई सडकमा छाड्ने प्रवृत्ति कायम रहेसम्म छाडा गाईवस्तु व्यवस्थापन सहज हुन्न । अझ पछिल्ला केही महिनायता भारतबाट गाईवस्तु ल्याएर छाड्न थालेको पाइएकोले छाडागाईवस्तु व्यवस्थापन आगामी दिनमा झनै जटिल बन्ने संकेत देखिएको छ । गत भदौमा सडकमा छाडिएको साँढेको आक्रमणबाट बुटवलमा एक महिलाको ज्यान गयो । छाडा गाईवस्तुकै कारण कतिपय सवारी दुर्घटना भएका छन् । छाडागाईवस्तुले सडक असुरक्षित बनेको छ । सडकलाई सुरक्षित बनाउन छाडा गाईवस्तु व्यवस्थापन जति आवश्यक छ, छाडा छाड्ने प्रवृत्ति रोक्न उत्तिकै ध्यान दिन जरूरी छ । छाडा गाईवस्तुले खेतीपाती जोगाउन अप्ठारो भएको छ। वन्यजन्तुबाट जोगाउन बरु सजिलो मानेका किसानका लागि छाडा गाईवस्तुबाट जोगाउन सकस परेको छ।

किसानको गोठमा ट्याग लगाईदिने र स्थानीय तहको कृषि शाखाले रेकर्ड राख्ने परिपाटी विकास गर्दा छाडा गाईवस्तुको दीगो व्यवस्थापन हुनसक्छ। त्यसका लागि पहिले रूपन्देहीका स्थानीय तह मिलेर नमूनाको रुपमा काम अघि बढाउन सक्छन्। त्यसपछि विस्तारै यो नेटवर्क बढाउँदै लैजान सकिन्छ। कृषि सूचना प्रणाली एकीकृत ढंगले राख्नेबारे सूचना प्रविधिको प्रयोगलाई प्राथमिकतासाथ अघि बढाउन पहल भइरहेको बेला छाडा गाईवस्तु व्यवस्थापनका लागि स्थानीय तह मिलेर व्यवस्थित सूचना प्रणालीको विकास गर्न सक्छन् ।

एकीकृत सूचना प्रणालीको प्रयोग गरेर अघि बढ्दा कसले छाडेको गाई थाहा लाग्छ। कसैले सीमा पारिबाट ल्याएर छाडेको भए पनि त्यसको जानकारी पाउन सहज हुन्छ। अहिले भइरहेको व्यवस्थापनको तरिका बालुवामा पानी राखेझैँ हो। गौशालामा गाई पाल्ने काम मात्रै होइन्, स्थानीय तहको । गाई पाल्ने किसानले नै गाईवस्तुको व्यवस्थापन गर्नुपर्छ ।

# ग्रामीण विकासका चुनौती र अवसर



इ. प्रकाश थापा



ग्रामीण क्षेत्रमा बसोवास गर्ने मानिसको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक तथा वातावरणीयलगायत समग्र दैनिक जीविकामा प्रभाव पार्ने आयाममा सकारात्मक परिवर्तनको प्रक्रिया हो, ग्रामीण विकास। जो आफैँमा एउटा जटिल विषय पनि हो। ग्रामीण विकासले समग्र राष्ट्रिय प्रगति र आर्थिक स्थायित्व सुनिश्चित गर्दै ग्रामीण जनतालाई उपयुक्त अवसर र स्रोतसाधन उपलब्ध गराएर उनीहरूको उत्थान तथा जीविकालाई सहज गर्ने लक्ष्य राखिएको समग्र दृष्टिकोणलाई परिभाषित गर्छ।

ग्रामीण विकासले मानिसको दैनिक जीवनमा प्रत्यक्ष प्रभाव पार्ने सकारात्मक परिवर्तनको अपेक्षा राखेको हुन्छ। भौतिक पूर्वाधार निर्माणसँगै कृषि प्रणालीमा सुधार, स्रोत परिचालन र समुचित उपयोग, रोजगारीको सिर्जना, शिक्षा र स्वास्थ्यमा सुधार, खाद्य सुरक्षा, दिगो वातावरणीय सन्तुलन र विकासमा समावेशी समानुपातिक सहभागितासँगै समग्र समाजको आधुनिकीकरणजस्ता पक्षले ग्रामीण विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्छन्। ग्रामीण विकासले ग्रामीण जनताको जीवनलाई गुणात्मक रूपमा सहज बनाउन स्थानीयस्तरमा तर्जुमा हुने आयोजनामा स्थानीय जनसहभागिता कायम गरी सर्वसाधारण जनताको न्यूनतम आधारभूत आवश्यकता परिपूर्ति गर्दै विकास र स्थानीय स्रोत-साधनमा समानता र न्यायोचित वितरणको अवधारणामा विशेष ध्यान दिने हुँदा दिगो विकासमा ग्रामीण विकासले महत्वपूर्ण भूमिका खेलेको हुन्छ।

नेपालमा जम्मा ७५३ स्थानीय तहमध्ये ४६० गाउँपालिका रहेका छन्। साथै, ६ महानगरपालिका ११ उपमहानगरपालिका र २७६ नगरपालिकाका अधिकांश क्षेत्र पनि ग्रामीण भूभाग नै रहेकाले पनि नेपालमा ग्रामीण क्षेत्रमा बसोवास गर्ने मानिसको संख्या ठुलो रहेको छ। जसले गर्दा ग्रामीण विकास राष्ट्रको समग्र समृद्धिका लागि अति महत्वपूर्ण छ। ग्रामीण विकासले नै देशको समृद्धि झल्काउने यथार्थलाई हामी सबैले बुझ्नुपर्छ। तर, ग्रामीण आवश्यकता र प्राथमिकताका आधारमा पूर्वाधार निर्माण गर्न नसक्नु, थोपा विकासको अभ्यास, अस्थिर राजनीतिक अवस्था, विकास निर्माणमा जनसहभागिताको अभाव, राजनीतिक प्रतिबद्धताको कमी, भौगोलिक जटिलतालगायत ग्रामीण विकाससम्बन्धी अध्ययन र अनुसन्धानमा प्राप्त स्रोत र साधन पर्याप्त नहुनुजस्ता समस्याले नेपालमा ग्रामीण विकासको प्रयासले सन्तोषजनक उपलब्धि प्राप्त गर्न नसकिरहेको देखिन्छ।

अझैँ पनि ग्रामीण क्षेत्रमा विकासका नाममा अनियन्त्रित रूपमा प्राकृतिक स्रोत-साधनको दोहन र जथाभावी डोजरको प्रयोगले गाउँको पर्यावरणमा नकारात्मक असर पर्ने कुराप्रति कसैको चासो देखिँदैन। राजनीतिक खिचातानी, नेतृत्वमा दीर्घकालीन सोचको अभाव, विकास निर्माणमा प्राविधिक ज्ञानको कमीसँगै वित्तीय स्रोतहरूको अभावले ग्रामीण विकासमा अपेक्षित प्रगति हुन नसकेको अवस्था छ।

समग्र राष्ट्रको विकासमै अपेक्षित प्रगति हुन नसकिरहेको अहिलेको अवस्थामा ग्रामीण विकासमा पनि थुप्रै चुनौती बाधकका रूपमा रहेको देख्न सकिन्छ। तर, ती चुनौतीको सामना गरेर अगाडि बढ्न सकेमा पक्कै पनि नेपालको ग्रामीण क्षेत्रको विकासलाई अगाडि बढाउन सहयोग पुग्छ। वर्तमान परिप्रेक्ष्यमा देखापरेका केही चुनौती यहाँ उल्लेख गरिएको छ।

**पूर्वाधारको अभाव** : नेपालका धेरै गाउँघरमा अझैँ पनि सडक सञ्जालको अवस्था दयनीय छ। सहज सडकको व्यवस्था नहुँदा स्थानीयस्तरमा उत्पादन भएका कृषि उपजको बजारीकरण र आवतजावतमा ग्रामीण जनताले सास्ती भोग्नुपरिरहेको छ। धेरैजसो ग्रामीण बस्तीमा बिजुली र सञ्चार सुविधाको पहुँच आवश्यकताअनुरूप पुग्न नसकेको अवस्था छ। धेरैजसो स्वास्थ्य केन्द्र र विद्यालय अपूर्ण छन् वा गुणस्तरहीन अवस्थामा छन्। उपलब्ध स्रोत-साधनलाई परिचालन गर्ने दक्ष जनशक्तिसँगै पूर्वाधार अभावले नेपालका अधिकांश ग्रामीण बस्ती पछाडि परेका छन्।

**आर्थिक अवसरको कमी** : नेपालका ग्रामीण क्षेत्रमा औद्योगिकीकरण हुन नसकेकाले रोजगारीका अवसर सीमित छन् भने पुर्खौंदेखि चल्दै आएको कृषिमा आधुनिकीकरण हुन नसक्दा उत्पादकत्वमा कमी छ। स्थानीयस्तरमा उपलब्ध स्रोत-साधनको उचित परिचालन गरी त्यसबाट आयआर्जनका स्रोत बढाउन सक्ने प्रशस्त सम्भावना हुँदाहुँदै पनि उचित नीति तथा कार्यक्रम नहुँदा ग्रामीण जनतामा बेरोजगारी बढ्दो क्रममा छ।

**युवाको विदेश पलायन** : ग्रामीण क्षेत्रमा रोजगारीका अवसर सीमित मात्रमा हुँदा युवा जनशक्ति बिदेसिने क्रम बढ्दै गएको छ। देशको युवा जनशक्ति बिदेसिँदा गाउँमा विकासका गतिहरू सुस्त भएका छन्। युवाको विदेश पलायनसँगै गाउँबाट सहरकेन्द्रित बसाइँसराइ बढ्दो छ। जसले गर्दा नेपालका अधिकांश ग्रामीण बस्तीमा जनशक्ति अभाव हुँदा विकास निर्माणमा जनसहभागिताको कमी भई विकासको गतिमा नकारात्मक असर परिरहेको छ।

**जलवायु परिवर्तन र प्राकृतिक प्रकोप** : बाढी, पहिरो, खडेरीजस्ता प्राकृतिक विपत्तिले ग्रामीण क्षेत्रका मानिसको जीवनमा ठुलो प्रभाव पार्छ। जलवायु परिवर्तनका कारण कृषिमा नकारात्मक असर परेको देखिन्छ। ग्रामीण मानिसमा जलवायु परिवर्तनको असरबारे अझैँ पनि चेतनाको कमी छ। जलवायु परिवर्तनको असर र प्राकृतिक प्रकोपले निम्त्याउन सक्ने भयावह अवस्थाबारे ग्रामीण जनतालाई सरोकारवाला निकायले वेलैमा सुसूचित गर्नु आवश्यक छ।

**सामाजिक संरचनाका समस्या** : नेपालका अधिकांश ग्रामीण क्षेत्रमा जातीय, लैंगिक र वर्गीय विभेद अझैँ पनि व्याप्त छ। महिला, दलित तथा अन्य पछाडि पारिएका समुदायको समुचित विकास हुन सकेको छैन। विकास निर्माण तथा उपलब्ध स्रोत-साधनको न्यायोचित तथा समानुपातिक वितरण अझै पनि हुन सकेको छैन। अझैँ पनि अधिकांश ग्रामीण बस्तीमा सामाजिक अन्याय कायम छ। जबसम्म समाजमा थिचोमिचो कायम रहन्छ, तबसम्म विकासको प्रतिफलमा जनताको बराबर पहुँच नहुने हुँदा सामाजिक संरचनाका समस्या समाधानतर्फ सरकारवाला निकायको ध्यान जानु आवश्यक छ।

**भौगोलिक अवस्था र छरिएको बस्ती** : नेपालको भौगोलिक अवस्था अत्यन्तै विविधतापूर्ण छ, जसले गर्दा जनसंख्याको वितरण र बसोवासका स्वरूप पनि फरक-फरक छन्। हिमाली र पहाडी क्षेत्रमा छरिएर रहेका बस्ती छन् भने तराईमा सहरीकरण तीव्र रूपमा बढिरहेको छ। नेपालको भौगोलिक संरचनाले यातायात, आर्थिक गतिविधि, कृषि प्रणाली तथा समाजको जीवनशैलीलाई प्रत्यक्ष रूपमा प्रभाव पार्ने गरेको छ। छरिएर रहेका बस्तीलाई समग्र विकासको दायरामा ल्याउनु खर्चिलो बनिरहेको छ।

ग्रामीण विकासका चुनौतीसँगै ग्रामीण क्षेत्रमा पर्याप्त स्रोत र साधन उपलब्ध छन्। मात्र तिनीहरूको उपयुक्त परिचालन तथा उचित उपभोग आवश्यक छ। चुनौतीका बाबजुद समग्र नेपालको ग्रामीण क्षेत्रमा विभिन्न अवसर देख्न सकिन्छ। ग्रामीण क्षेत्रमा उपलब्ध अवसरलाई सही नेतृत्व र नीति तथा कार्यक्रममार्फत स्थानीय युवालाई जोड्न सकेमा ग्रामीण क्षेत्रको दिगो विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन सकिन्छ। निम्नलिखित अवसर पहिल्याउन सकेमा पक्कै पनि ग्रामीण विकासले एउटा स्वरूप प्राप्त गर्न सक्छ :

**कृषिमा आधुनिकीकरण र व्यवसायीकरण** : कृषिमा प्रविधिको प्रयोग तथा विकास गरेर उत्पादन वृद्धि गर्न सकिन्छ। जैविक कृषि, चिया, कफी, जडीबुटी खेतीजस्ता उच्च बजार मूल्य भएका उत्पादनलाई प्रवर्द्धन गर्न सकिन्छ। स्थानीय स्रोतसाधनमा आधुनिक प्रविधिको उच्चतम उपभोग गर्दै ग्रामीण जीवनको समृद्धि, आत्मनिर्भरता र स्वच्छता निर्माण गर्न सकिन्छ। स्थानीयस्तरमा उत्पादित कृषि सामग्रीलाई नजिकको बजारसम्म पुऱ्याएर त्यसको बिक्री वितरण सुनिश्चित गर्नुपर्छ। साना तथा मझौला उद्यममार्फत स्थानीयस्तरमा उत्पादन हुने वस्तुको उत्पादनलाई व्यवसायीकरण गर्न सकिन्छ।

**पर्यटन प्रवर्द्धन** : प्राकृतिक स्रोतले परिपूर्ण ग्रामीण क्षेत्रमा ग्रामीण पर्यटन, होमस्टे, साहसिक पर्यटन र सांस्कृतिक पर्यटनको विकास गरेर आयआर्जन गर्न सकिन्छ। ग्रामीण क्षेत्रमा रहेका प्रसिद्ध पर्यटकीय स्थलबाट नजिक पर्ने गाउँलाई पर्यटकीय गतिविधिमा जोड्न सकिन्छ। पर्यटन प्रवर्द्धनमार्फत रोजगारी सिर्जना गर्दै युवालाई स्थानीयस्तरमा व्यवसायको सम्भावना देखाउन सकिन्छ।

**लघु उद्यमलाई प्राथमिकता** : गाउँमा स्थानीय स्रोतको उपयोग गरी साना उद्योग, जस्तै- कपडा, हस्तकला, दुग्ध व्यवसायलगायत अन्य उद्योग खोल्न सकिन्छ। लघु उद्यममार्फत् स्थानीय उत्पादनलाई नजिकको सहरसँग बजारीकरणको सम्बन्ध स्थापित गर्न सकिन्छ। सहकारी प्रणालीमार्फत साना कृषक तथा व्यवसायीलाई वित्तीय पहुँच प्रदान गर्न सकिन्छ।

**प्रविधि र डिजिटल पहुँच** : ग्रामीण बस्तीमा भरपर्दो र उच्च गतिको इन्टरनेट विस्तार गरी शिक्षा र स्वास्थ्य सेवा गुणस्तरीय बनाउन सकिन्छ। इन्टरनेट तथा मोबाइल प्रविधिको विस्तारले ग्रामीण क्षेत्रका मानिसलाई शिक्षा स्वास्थ्य तथा व्यापारमा सजिलो बनाइरहेको छ। यसलाई अझ प्रभावकारी ढंगबाट समेट्न प्रविधिको प्रयोगबारे जनचेतनाका कार्यक्रममार्फत् सूचित गर्न सकेमा डिजिटल बैंकिङ, अनलाइन बैंकिङ, अनलाइन मार्केटिङ तथा प्रविधियुक्त कृषिको विकासले ग्रामीण अर्थतन्त्रलाई सशक्त बनाउन सकिन्छ। स्थानीय स्रोत-साधनमा आधुनिक प्रविधिको प्रयोग गर्दै ग्रामीण जीवनको समृद्धि, आत्मनिर्भरता र स्वच्छता निर्माण गर्न सकिन्छ।

**नवीकरणीय ऊर्जा प्रवर्द्धन** : साना जलविद्युत्, सौर्य ऊर्जा तथा बायोग्यास परियोजनाले ग्रामीण क्षेत्रलाई स्वावलम्बी बनाउन सक्छन्। सरकार र निजी क्षेत्रको सहकार्यमा ऊर्जा विकासको अवसर बढाउन सकिन्छ। जलवायु परिवर्तनको बढ्दो प्रभावलाई मध्यनजर गर्दै आर्थिक आत्मनिर्भरता बढाउन सौर्य ऊर्जा, वायु ऊर्जा, बायोग्यास र स्थानीय नदी खोलाबाट निकालिने जलविद्युतजस्ता नवीकरणीय ऊर्जा उत्पादन र उपभोगमार्फत ग्रामीण विकासलाई मजबुत गर्न सकिन्छ।

नेपालको ग्रामीण विकासमा जेजस्ता चुनौती भए पनि सही नीति, प्रविधिको प्रयोग र स्थानीय समुदायको सक्रिय सहभागिताले ती समस्या समाधान गर्न सकिन्छ। यदि कृषिमा आधुनिकीकरण, पर्यटन प्रवर्द्धन र पूर्वाधार विकासमा जोड दिने हो भने नेपालका गाउँहरू आत्मनिर्भर बन्न सक्छन्, जसले समग्र राष्ट्रको आर्थिक वृद्धि र दिगो विकासमा टेवा पुऱ्याउन सक्छ। विकासमा आधुनिकीकरणसँगै सामाजिक, सांस्कृतिक तथा वातावरणीय सन्तुलनलाई कायम राख्न सकेमा ग्रामीण विकास दिगो बन्न सक्छ।

नयाँ पत्रिकाबाट

# नेप्से परिसूचक १४.०८ अङ्कले घट्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक मंगलबार १४.०८ अङ्कले घटेर दुई हजार ७१५ दशमलव ९१ मा झरेको छ। कारोबारमा विभिन्न ३१५ कम्पनीका एक करोड ६९ लाख १७ हजार ८३५ कित्ता शेयर ९० हजार २०२ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ९१ करोड ९६ लाख ९७ हजार ७७५ मा कारोबार भएका छन् ।

जलविद्युत् र अन्य उपसमूहबाहेक अन्य उपसमूह घटेको छ । जोशी हाइड्रोपावर डेभलपमेन्ट बैंकको नौ दशमलव ९८ प्रतिशत, मध्यभोटेकोशी जलविद्युत् कम्पनी लिमिटेडको आठ दशमलव २५ प्रतिशत, न्यादी हाइड्रोपावर लिमिटेडको आठ दशमलव १९ प्रतिशत, उपकार लघुवित्त वित्तीय संस्था लिमिटेडको आठ दशमलव १२ प्रतिशत र कालिका पावर कम्पनीको शेयर मूल्य आठ दशमलव ०५ प्रतिशतले बढेको छ।

साथै कर्पोरेट डेभलपमेन्ट बैंक, ग्रीन डेभलपमेन्ट बैंक र सिन्धु विकास बैंकको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

कारोबारपछि बजार पुँजीकरण रु ४५ खर्ब छ अर्ब १० करोड ९२ लाख सात हजार ९६१ पुगेको छ।

# जहाँ परम्परा धान्न कन्या–कन्याबिच विवाह हुन्छ !

त्रिवेणी (रुकुम पश्चिम) । आफ्नो गाउँ समाजअनुसार आ-आफ्नै वेशभूषा चालचलन रीतिरिवाज हुन्छन् । त्यसैमध्येको एक हो, रुकुम पश्चिमको मुसिकोट नगरपालिका-७ साँखमा लाग्ने पापिनी मेला । परम्परागत रूपमा लाग्दै आएको यो मेलामा पनि अनौठो संस्कार छ- जहाँ कन्या-कन्याबिच विवाह हुन्छ, तर त्यो नक्कली हो । परम्परा धान्न नक्कली विवाह हुने गरेको स्थानीय बुढापाका बताउँछन् ।

हरेक वर्ष माघ १५ गते राति यहाँ कन्या-कन्याबिच विवाह हुने परम्परा छ। यसपटक पनि दुई गाउँका किशोरीका बिचमा विवाह सम्पन्न भयो । साँख गाउँको बिचमा दह छ। यही दहको तलपट्टिको गाउँलाई तलिगाउँ र माथिपट्टिको गाउँलाई माथिगाउँ भनिन्छ । यिनै तलिगाउँ र माथिगाउँका किशोरीका बीचमा हरेक वर्ष विधिपूर्वक नै विवाह गरिदिने प्रचलन रहेको छ । यो विवाहलाई 'पापिनी विवाह' भनिने स्थानीयवासी पद्मा ओलीले बताइन । उनका अनुसार यो वर्ष तलिगाउँमा बेहुली भित्र्याइएको छ । अघिल्लो वर्ष तलिगाउँबाट माथिगाउँ बेहुली लगिएको थियो। यो क्रम हरेक वर्ष आलोपालो हुने गरेको ओलीले बताइन।

'किशोरीलाई नै बेहुला र बेहुलीका रूपमा सजाएर चलिआएको रीतअनुसार बेहुली माग्ने, जन्ती लिएर जाने र माइती पक्षले पनि रीतअनुसार नै छोरीलाई अन्माएर पठाउने परम्परा रहेको छ। यही माघ १४ गते साँझ दुलही माग्न जाने र १५ गते साँझ दुलाहा पक्ष बाजागाजासहित धुमधामका साथ जन्ती लिएर दुलही लिन जाने र सोही दिन माइती पक्षले विवाह गरिदिएर छोरीलाई अन्माउने प्रचलन छ । अघिल्लो साता तलिगाउँबाट जन्तीसहित गएका दुलाहा पक्षले माथिगाउँबाट दुलही ल्याएर तलिगाउँ आएर कन्या-कन्याबिच विवाह सम्पन्न गरेका थिए ।

विवाहमा परम्परागत पापिनी नाच देखाइन्छ । दुलही लिन आएका बेहुला पक्षलाई स्वागत गर्न माइती पक्षमा पापिनीका रूपमा सजिएका किशोरीहरूले नाच देखाउँछन् भने दुलही लिएर गएपछि घर पक्षमा खुसियालीका रूपमा यो नाच उनै पापिनीहरुले नाच्छन् । लहरै लागेर तालमा ताल मिलाएर नाचिने यो नाचले सबैलाई आकर्षित गरेको हुन्छ। पापिनी मेलाको प्रमुख आकर्षणमध्येको एक यो नाच यो पनि हो ।

साँखमा मानव बस्ती बस्न थालेदेखि नै साँख दहमा नाटकीय विवाह गर्ने चलन सुरु भएको किंवदन्ती छ। हरेक वर्ष नाटकीय विवाह र नाचगान नगर्दा गाउँमा अकालमै मान्छे मर्छन् वा अनिष्ट हुन्छ भन्ने जनविश्वास लामो समयदेखि रहिआएको स्थानीय अगुवाहरू बताउँछन्। हरेक वर्ष साँखका दुई गाउँले पापिनी तयार गर्छन् र परम्परा चलाउँछन्। परम्परा चलाउने कन्यालाई भने 'पापिनी'को नाम दिइएको छ। पापिनी हुन जनजाति समुदायको, बिहे नगरेको र नाच्न जान्ने हुनुपर्छ। यही योग्यताका आधारमा पापिनी छानिन्छन् भने अगुवा पनि त्यसरी नै छनोट गरिन्छ । "गाउँको चालचलन धान्ने कन्या पापिनी हुनु परेको छ, यो उहिलेकै चलन हो ।"- स्थानीय अगुवा पूर्णबहादुर बुढाले भने ।

'पापिनी' अगुवाको निर्देशन र पहलमा माघ १ गतेदेखि नै साँख दहको डिलमा थला बस्न सुरु गरिन्छ। माथिगाउँका पूर्णबहादुर बुढाले वर्षौंदेखि यसको अगुवाइ गर्दै आएका छन् । हरेक राति तलीगाउँकी पापिनी दहको तल्लो डिल र माथिगाउँकी पापिनी माथिल्लो डिलमा बस्ने गर्छन् । आगो बाल्ने, सिस्नो खेल्ने र नाच्ने काम थला बसेका बेला गरिने बुढाले बताए। हरेक वर्ष माघ १४ गते बेहुला पक्षका पापिनी बेहुली माग्न अर्को गाउँ अर्थात् दहको अर्को डिल जान्छन् ।

## वर्षैंदेखि...

सिद्धार्थनगर नगरपालिकामा कार्यकारी अधिकृतको रुपमा टीकादत्त राई हुँदा २०७०-७१ सालमा नगरमा यत्रतत्र छरिएका मेकानिक्सलाई एकै ठाउँमा व्यवस्थापन गर्ने भनि अटोभिलेजको रुपमा विकास गर्नका लागि नेपाल अटो मेकानिक्स ट्रेड युनियन सिद्धार्थनगरसँग त्यस्तै महेन्द्र सभागृह र सिद्धार्थ बाल उद्यानलाई व्यवस्थित गर्न निजी क्षेत्रसँग सम्झौता गरेका थिए । नगरभरि छित्रेर रहेको ग्यारेजलाई व्यवस्थित गर्ने उद्देश्यले अटोभिलेजको अवधारणा आए पनि पूर्ण रुपमा कार्यान्वयन भएको छैन । यस्तै २०७१ साल भदौ ३० गते नगरपालिकाले शुभ ओम इन्भेष्टमेन्ट कम्पनी प्रालिसँग वडा नम्बर ६ मा रहेको सिद्धार्थ बाल उद्यानलाई सार्वजनिक निजी साझेदारीमा बाल उद्यानलाई व्यवस्थित गर्ने, नयाँ निर्माण गर्ने र नयाँ तरिकाले बाल उद्यान सञ्चालन गर्ने उद्देश्यले २० वर्षका लागि सम्झौता गरे पनि उद्देश्य विपरीत होटल पौवा सञ्चालनमा छ । सम्झौतामा निश्चित मापदण्ड र लागतमा संरचना बनाउने भने पनि दुवै कर्पोरेट हाउसले त्योभन्दा बढीको उद्देश्य विपरीतका संरचना बनाइ सञ्चालनमा ल्याएका छन् ।

## रविसहित...

चितवनपछि उनीविरुद्ध वीगगञ्जको सानो पाइला सहकारीको बचत अपचलनमा अनुसन्धान भएको छ ।

लामिछानेलाई सहकारी रकम अनियमिततामा जिम्मेवार बनाउनुपर्ने भन्दै एमाले सांसद् सूर्य थापाको नेतृत्वमा गठित संसदीय विशेष समितिले ४ असोज २०८१ मा प्रतिवेदन बुझाएको थियो । थापा नेतृत्वको समितिको प्रतिवेदनमा विभिन्न सहकारीबाट गोर्खा मिडिया नेटवर्कमा ६५ करोड ५४ लाख रुपैयाँ गएको देखिएको भनिएको थियो ।

त्योमध्ये २२ करोड ४६ लाख रुपैयाँ सूर्यदर्शन, सुप्रिम, सानोपाइला, स्वर्णलक्ष्मी, समानता र सहारा सहकारीबाट जम्मा भएको देखिएको थियो भने ४३ करोड ७ लाख रुपैयाँ विभिन्न व्यक्तिका नाममा ऋण देखाएर गोर्खा मिडिया नेटवर्कमा जम्मा गरेको देखिएको निष्कर्ष निकालिएको थियो । प्रतिवेदन कार्यान्वयन गर्ने सरकारको निर्णयपछि गोर्खा मिडिया नेटवर्कका पूर्वसञ्चालक छविलाल जोशीलाई ६ असोजमा पक्राउ परेका थिए भने रवि २ कात्तिकमा वनस्थलीस्थित पार्टी कार्यालयबाट समातिएका थिए ।

उनलाई कास्की जिल्ला अदालतले ६५ लाख, काठमाडौं जिल्ला अदालतले ६० लाख र रुपन्देही जिल्ला अदालतले १ करोड रुपैयाँ धरौटीमा छाडेको थियो । कास्की र काठमाडौं जिल्ला अदालतले उनलाई क्रमशः धरौटीमा छाड्ने आदेश दिएपछि लामिछानेले बाहिरै रहेर मुद्दाको प्रक्रियालाई सघाउने सुविधा पाएका छन् ।

चितवनमा मुद्दा दर्ता भएसँगै उनी अदालत हाजिर भएपछि उनको मुद्दामा थुनछेक बयान र बहस हुनेछ । त्यसपछि साधारण तारेखमा छाड्ने, धरौटी तोकेर छाड्ने वा पुर्पक्षका लागि थुनामा पठाउनेमध्ये एउटा आदेश न्यायाधीशले गर्नेछन् । चितवनपछि पर्सामा पनि उनीविरुद्ध सहकारी ठगीमा मुद्दा दर्ता हुने क्रममा छ ।

अनुसन्धान अन्तिम चरणमा पुगेपछि केही दिनअघि प्रहरी प्रधान कार्यालयले जिल्ला प्रहरी कार्यालय, पर्सालाई सहयोग गर्न केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) को टोली पनि त्यहाँ पठाएको थियो ।

## औद्योगिक...

प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरे, नेपाल पत्रकार महासंघ, रुपन्देही शाखका अध्यक्ष दिनेश पाण्डे, प्राध्यापक डा.गितु गिरी, पूर्वनगर प्रमुखहरु हरिप्रसाद अधिकारी, सागरप्रताप राणा, नेकपा एमाले सिद्धार्थनगर अध्यक्ष चक्रबहादुर थापा, वडा नं. ६ का वडाध्यक्ष वीरेन्द्रनाथ श्रीवास्तव, ४ का वडाध्यक्ष मुक्तिनाथ यादव, २ का छेदीलाल श्रीवास्तवले बोल्दै नगरको विकासमा सबै मिलेर अघि बढ्नुपर्नेमा जोड दिए । उनीहरुले सिद्धार्थनगर पश्चिम नेपालकै वाणिज्य द्वार रहेको जनाए ।

कार्यक्रममा सिद्धार्थ उद्योग वाणिज्य संघका कार्यबाहक अध्यक्ष नेत्रप्रसाद आचार्य, नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका उपाध्यक्ष कुलप्रसाद न्यौपाने, सिद्धार्थ संजाल, रुपन्देहीका अध्यक्ष अनिलकुमार ज्ञवालीले बोल्दै निजी क्षेत्र सधैं नगरपालिकासँग हातेमालो गरेर अगाडि बढ्न तयार रहेको जनाए । उनीहरुले यहाँको सम्भावना औद्योगिक र पर्यटन क्षेत्र रहेको चर्चा गर्दै यसका लागि दीर्घकालीन योजना बनाएर काम गर्नुपर्ने सुझाव दिए । निजी क्षेत्रले नगरका हरेक काममा सहकार्य गर्ने उनीहरुको भनाइ छ ।

कार्यक्रममा तीन पटक वा सो भन्दा बढीपटक वडाध्यक्षमा निर्वाचित पूर्व तथा वर्तमान वडाध्यक्षहरु भीमसेन कर्माचार्य, शेषकान्त भण्डारी, दीलिपकुमार यादव तथा पूर्वनगर प्रमुख, उपप्रमुखहरुलाई सम्मान गरिएको थियो । यस्तै, प्रमुख प्रशसकीय अधिकृत जनक थापा, विभिन्न क्षेत्रमा उत्कृष्ट कार्य गर्ने संघसंस्थाका प्रमुख तथा समाजसेवीहरुलाई समेत सम्मान गरिएको थियो । यस्तै, संघसंस्थाहरुबाट नगरमा धेरै कर बुझाउने भैरहवा मेडिकल कलेज र व्यक्तिगततर्फ धेरै कर बुझाउने गोमादेवी पौडेल उप्रेतीलाई पनि सम्मान गरिएको कर्मचारी प्रशासन महाशाखाका प्रमुख देव ज्ञवालीले जानकारी दिए । मूल समारोह अघि भैरहवाका ४० बढी संघसंस्थाहरुको उपस्थितिमा नगरपालिकाको कार्यालयदेखि महेन्द्र सभागृहसम्म प्रभातफेरि समेत गरिएको थियो ।

वि.सं. २०२४ माघ २२ गते भैरहवा नगर पञ्चायतको नामबाट हालको नगरपालिका स्थापना भएको थियो । तत्कालीन श्री ५ को सरकारद्वारा दश हजार सात जनसंख्या भएको क्षेत्रलाई २०२४ माघ २२ गते भैरहवा नगर पञ्चायत नामले स्थापना गरेको विषय उक्त समयमा प्रकाशित राजपत्रमा उल्लेख छ । उक्त राजपत्रको नगरपालिकाको कार्यालयले खोज गरेको थियो । स्थापना दिनको प्रमाणस्वरुप अदालतमा प्रकाशित राजपत्र फेला परेपछि सोही राजपत्रको आधारमा कार्यालयले माघ २२ गते स्थापना दिवस मनाएको हो । स्थापना दिवसको अवसरमा नगरपालिकाले आइतबार जनप्रतिनिधि, कर्मचारी र पत्रकारबिच मैत्रीपूर्ण क्रिकेट र महिला जनप्रतिनिधि र महिला कर्मचारीबिच सोमबार मैत्रीपूर्ण फुटसल प्रतियोगिता गरेको थियो । यी कार्यक्रममा विजयी टिमलाई समारोहमा पुरस्कार वितरण गरिएको थियो । दिवसका अवसरमा मंगलबार सिद्धार्थनरमा स्थानीय विदा समेत दिइएको थियो ।

## पाँच...

महायज्ञमा पण्डित ओमप्रकाश सुवेदी प्रमुख कथा वाचक रहने छन् भने हरेक दिन बिहान योग तथा ध्यान, नित्य पुजा पाठपारायण, दिउँसो कथा प्रवचन, साँझ श्रृङ्गारिक दिब्य महाआरती, राष्ट्रिय कलाकारसहितको देवलिलामय झाँकी, भजन हुने प्रचारप्रसार समितिको संयोजक पत्रकार खिमानन्द भट्टराईले बताए ।

धाममा छोरी शिक्षा समेत सञ्चालन भइरहेको र नयाँ भवन बन्दा १८ कठ्ठा जग्गा साँघुरो हुने भएकाले धामलाई थप जग्गा खाँचो भएको धामले जनाएको छ ।

---

# नवदुर्गा आधारभूत विद्यालय

**सुनवल–३, नदुवाटोल, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश**

## शिक्षक आवश्यकता ।

मिति : २०८१/१०/१५

यस नवदुर्गा आधारभूत विद्यालय सुनवल-३, नदुवाटोल, नवलपरासीमा तपशिल अनुसार रिक्त रहेको शिक्षक पदमा सुनवल नगरपालिकाको च.न. १९५९ मिति २०८१ /१०/१५ को विज्ञापन अनुमति तथा मिति २०८१ /१०/१५ गतेको वि.व्य.स. को निर्णय अनुसार इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ ।

**तपशिल:**

**विज्ञापन नं.** ०१/०८१/८२ **पद** : शिक्षक

**तहः** प्राथमिक (तृतीय श्रेणी) **किसिमः** राहत (संघिय अनुदान)

**आवश्यक संख्याः** १

**तलब सुविधाः** नेपाल सरकारले तोके बमोजिम

**शैक्षिक योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट १२ कक्षा उर्तिण वा सो सरह

**आवेदन दस्तुरः** रु १००० ( रु. एक हजार मात्र)

**थप जानकारी**

**आवश्यक कागजातः** हस्तलिखित निवेदन नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि, अध्यापन अनुमति पत्रको प्रतिलिपि ।

**उमेर हदः** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**परीक्षाको किसिम** : लिखित, अन्तंवांता र आवश्यक परेमा कक्षा अवलोकन ।

**दरखास्त बुझाउने अन्तिम मितिः** २०८१ /१० /२९ दिनको ४:०० बजे सम्म ।

**सम्पर्क** : ९८४७०८१०७९

**पुनश्चः**

माथिल्लो योग्यता र कम्प्युटर सम्बन्धि ज्ञानलाई प्राथमिकता दिइनेछ ।
करार सूचिका उम्मेदवारहरुको हकमा नियमानुसार नै हुनेछ ।

**प्रधानाध्यापक**

---

# रैनादेवी छहरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

छहरा, पाल्पा

## आशय पत्र सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१-१०-२३**

मिति २०८१-०७-२७ गते दैनिक लुम्बिनी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना तथा www.bolpatra.gov.np.egp समेत प्रकाशित सूचना अनुसार रीतपुर्वक पेश भएका बोलपत्रहरु मध्ये तपसिल ठेक्का नम्बर र बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| ठेक्का नं | आयोजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक(मु.अ कर बाहेक पि.एस. सहित) |
|---|---|---|---|
| RRM/PAL/W/NCB-08/2081-82 | Upgrading of Chhahara-Dhajabanne-Tansingal-Satmure Road (Dhajabanne - Tallo Diga section)(Ch 1+520 to 3+100) | जय देउराली निर्माण सेवा, सैनामैना-०२,रुपन्देही । | रु. १,४८,०५,४५६.२० |

**प्रमुख प्रशासकीय अधिकृत**

---

# Rurukshetra Rural Municipality
# Office of Rural Municipal Executive

**Ghiubensi, Gulmi**
**Request for Quotation**
**for**

## HIRING A FIRM FOR SKILLS DEVELOPMENT TRAINING

(Date of First Publication: B.S. 2081/10/23)

1. The Ministry of Labor, Employment and Social Security (MoLESS), Prime Minister Employment Program (PMEP) has received financing from the International Development Association (IDA) toward the cost of Youth Employment Transformation Initiative (YETI) Project. Rurukshetra Rural Municipality, Gulmi District has received fund on conditional grant through fiscal transfer from the YETI Project and intends to apply part of the proceeds toward payments under the contract for Hiring a Firm for Skills Development Training in LL.
2. A firm will be selected through an open competitive process under the procedures "as specified in the Project Operations Manual of YETI Project from Request for Quotation (RFQ)
3. Rurukshetra Rural Municipality, Gulmi District invites sealed quotation from the qualified firms. The brief description of the procurement is as follows.

| S.N. | Description | RFQ Document fee (non-refundable) | Deadline of RFQ-document purchase | RFQ submission deadline (Date and Time) | RFQ-Opening Date and Time |
|---|---|---|---|---|---|
| 1 | Hiring a Firm for Skills Development Training in LL-Road Repair and Maintenance | 1000 | 2081/11/07 During Office Hour | 2081/11/08 12:00 Hours | 2081/11/08 13:00 Hours |

4. The details of the service requirements, eligibility and qualifications required is found in terms of reference (Annex-1).
5. Qualified service providers experience and registered in the same district will get advantage.
6. In case of last date for purchasing, submission and opening of RFQs falls on a Government Holiday, the next working day shall be considered the last day. In such a case, the RFQ validity shall be recognized from the original RFQ submission deadline.
7. The financial proposal should be submitted in a separate envelope. It will be opened only after the technical scores have been finalized, in the presence of the respective bidders.
8. The Municipality/Rural Municipality reserves the right to accept or reject any RFQ and to annul the procurement process and reject all RFQs at any time prior to Contract Award, without thereby incurring any liability to Bidders/Applicants.
9. For Quotation Document and other information please consult to the below address.

**Chief Administrative Officer**

---

# माउण्ट एभरेष्ट डिष्टिलरी (प्रा.) लि.

तिलोत्तमा–१४, टिकुलीगढ, रुपन्देही

## मूल्य सूची सम्बन्धी सूचना

यस डिष्टिलरीबाट उत्पादित निम्न ब्राण्डका मदिराहरु २०८१ साल माघ २३ गतेदेखि नेपालभर लागू हुने गरी नयाँ मूल्य सूची प्रकाशित गरिएकोले सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

| Brand Name | UP | ML | RD | R D Comm. | Dealer | Dealer Comm. | W.S. | W.S. Comm. | Retail | Retail Comm. | Consumer Case | Consumer Unit |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Mount Class | 50 | 180 | 6165 | 135 | 6300 | 295 | 6595 | 250 | 6845 | 1315 | 8160 | 170 |
| Gold Box / Blue Spot | 50 | 180 | 6165 | 135 | 6300 | 295 | 6595 | 250 | 6845 | 1315 | 8160 | 170 |
| Fida | 50 | 180 | 6165 | 135 | 6300 | 295 | 6595 | 250 | 6845 | 1315 | 8160 | 170 |
| Boxer/White diamond | 50 | 180 | 6070 | 130 | 6200 | 295 | 6495 | 250 | 6745 | 1175 | 7920 | 165 |
| Sweet Diamond | 50 | 180 | 6070 | 130 | 6200 | 280 | 6480 | 250 | 6730 | 1190 | 7920 | 165 |
| DX / Tali | 50 | 180 | 6010 | 90 | 6100 | 260 | 6360 | 200 | 6560 | 1120 | 7680 | 160 |
| Rudra / Mala | 70 | 300 | 1300 | 25 | 1325 | 60 | 1385 | 70 | 1455 | 285 | 1740 | 58 |
| T 20 Plus/ 20-20 Plus | 70 | 300 | 1225 | 25 | 1250 | 54 | 1304 | 60 | 1364 | 256 | 1620 | 54 |
| Umaga / Hazari Gold | 70 | 300 | 1225 | 25 | 1250 | 54 | 1304 | 50 | 1354 | 266 | 1620 | 54 |
| Hazari | 70 | 300 | 1245 | 15 | 1250 | 54 | 1304 | 50 | 1354 | 266 | 1620 | 54 |
| Li Li Black Premium | 70 | 300 | 1190 | 10 | 1200 | 40 | 1240 | 40 | 1280 | 220 | 1500 | 50 |
| 20-20 Flavours (Apple/Orange/ Litchi/Lemon/XXX) | 70 | 300 | 1100 | 10 | 1110 | 35 | 1145 | 20 | 1165 | 215 | 1380 | 46 |
| Julie / Mr. Red | 70 | 300 | 1065 | 10 | 1075 | 15 | 1090 | 20 | 1110 | 180 | 1290 | 43 |

१. उपर्युक्त मूल्यमा अन्तःशुल्क तथा मु. अ. कर समावेश गरीएको छ ।
२. उपर्युक्त मूल्यमा ढुवानी भाडा समेत समावेश गरिएको छ । साथै सो विक्री मूल्यहरुमा व्यवशायिक आवश्यकता अनुसार विभिन्न व्यापारिक एवं अन्य छुटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरुको सोधभर्ना दिन सकिने छ ।

---

## पाठेघरको मुखको क्यान्सरविरुद्धको
## एच. पि. भी. खोप अभियान-२०८१

यही मिति २०८१ माघ २२ गतेदेखि फागुन ६ गतेसम्म रुपन्देहीमा सञ्चालन हुन लागेको एच. पि. भी. खोप पहिलो चरणमा माघ २२ देखि माघ २९ गतेसम्म बुटवल उपमहानगरपालिका र सिद्धार्थ नगरपालिकामा तथा माघ २२ देखि २७ गतेसम्म सैनामैना नगरपालिका, कञ्चन, गैडहवा, शुद्धोधन, सियारी र मायादेवी गाउँपालिकामा लगाइँदै छ । त्यसैगरी फागुन १ देखि ६ गतेसम्म देवदह, तिलोत्तमा, लुम्बिनी साँस्कृतिक नगरपालिका, ओमसतिया, रोहिणी, सम्मरीमाई, कोटहीमाई र मर्चवारी गाउँपालिकामा दोस्रो चरणमा खोप अभियान चल्नेछ । विद्यालयमा अध्ययनरत कक्षा ६ देखि १० सम्मका सबै छात्राहरू र विद्यालय बाहिरका १० वर्ष देखि १४ वर्ष उमेरका सबै किशोरीहरूलाई खोप लगाइनेछ । खोप सञ्चालन हुने दिनमा छात्राहरूलाई सम्बन्धित विद्यालयमा उपस्थित गराउनुहुन अनुरोध गर्दछौं ।

अनुरोधक :
**स्वास्थ्य कार्यालय**
रुपन्देही

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल–१०, सुखानगर, रुपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# उद्योग व्यापार संगठनले चेम्बर क्रिकेट च्यालेन्ज गर्ने




भैरहवा । भैरहवामा रहेको उद्योग व्यापार संगठनले स्थापना दिवसकै अवसर पारेर "चेम्बर क्रीकेट च्यालेन्ज२०८१" आयोजना गर्दैछ ।

संगठन १९औं वर्षमा प्रवेश गरेकोसँगै विविध कार्यक्रमअन्तर्गत क्रिकेट प्रतियोगिताको आयोजना गर्न लागिएको हो । व्यवसायी र उद्योगीहरुबिच खेलकुदको माध्यमबाट भातृत्वको भावना विकास गर्ने उद्देश्यसहित क्रिकेट प्रतियोगिताको आयोजना गरिएको संगठनका अध्यक्ष दर्पण श्रेष्ठले जानकारी दिए ।

कार्यक्रमबारे जानकारी दिने उद्देश्यले भैरहवामा आयोजित पत्रकार सम्मेलनमा बोल्दै कार्यक्रम संयोजक धिरज मल्लिकले सिद्धार्थ क्रीकेट रंगशालामा फागुन ३ गते आयोजना गरिने बताए । "चेम्बर क्रीकेट चैलेन्ज २०८१" नाम दिइएको उक्त प्रतियोगितामा ८ वटा उद्योगी प्रतिष्ठानको सहभागिता गराइने छ । प्रत्येक टीममा ८ सदस्य रहे पनि ६ जना मात्र खेल्ने र २ जना अतिरिक्त खेलाडीको रुपमा रहने छन् । ५ ओभरको खेल खेलाइने छ ।

विभिन्न व्यवसायिक समूहरुसँग मित्रता र सहकार्यको भावना प्रोत्साहित गर्दै स्वस्थ जीवनशैली र टीमवर्कको महत्वलाई उजागर गर्ने उद्देश्यले प्रतियोगिताको आयोजना गरिएको मल्लिकले जानकारी दिए । 'पहिलो संस्करणको क्रिकेट प्रतियोगिता आयोजना गर्न पाउँदा अत्यन्तै खुसी छौं ।'- उनले भने ।

प्रतियोगिताको विजेता टीम र उपविजेतालाई ट्रफी र प्रमाणपत्र, सबै सदस्यहरुलाई पुरस्कार, म्यान अफ द म्याचलाई प्रमाणपत्र र विशेष उपहार, म्यान द सिरिजलाई ट्रफी र प्रमाणपत्रलगायत पुरस्कारको व्यवस्था गरिएको छ ।

स्थापना दिवसकै अवसर पारेर संगठने आफ्ना पूर्व अध्यक्षहरुलाइ सम्मान गरेको छ । संगठनका संस्थापक अध्यक्ष मनिषकुमार जोशी, पूर्व अध्यक्षहरु खिमबहादुर खत्री, नारायणप्रसाद भण्डारी र निवर्तमान अध्यक्ष अनिल ज्ञवालीलाई सम्मान गरिएको थियो ।

सम्मान कार्यक्रममा बोल्दै संस्थापक अध्यक्ष मनिषकुमार जोशीले स्थापन दिवसको अवसरमा शुभकामना दिँदै ६ जनाबाट सुरु गरिएको साना, मझौला उद्योग संगठनले धेरै संघर्ष गरेर आजको अवस्थामा पुगेको बताए । उनले नयाँ सोंचका साथ आबद्ध संगठनका सदस्यहरुलाई पुराना सदस्यहरुको सल्लाह र सुझाव लिएर अगाडि बढ्न आग्रह गरे ।

पत्रकार सम्मेलन कार्यक्रममा पूर्व अध्यक्ष खिमबहादुर खत्री, नारायणप्रसाद भण्डारी, अनिल ज्ञवाली, महासचिव लक्ष्मी अधिकारीले बोलेका थिए ।

## रूपन्देही सुपरलिगः

# बुटवल राइनोजलाई २८ रनमा अलआउट गर्दै न्यू होराइजनको जित




भैरहवा । न्यू होराइजन क्रिकेट क्लबका निश्चल ज्ञवालीको अलराउण्ड प्रदर्शन र अन्य बलर चम्किँदा रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगितामा बुटवल राइनोजले लज्जास्पद हार व्यहोरेको छ । प्रतियोगिताअन्तर्गत मंगलबार भएको 'ए' डिभिजनको खेलमा न्यू होराइजनले बुटवल राइनोजलाई २८ रनमै अलआउट गर्दै ८३ रनको कभभ निकालेको हो ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको न्यू होराइजनले निर्धारित ५० ओभरको खेलमा १८ ओभर ४ बल खेल्दै सबै विकेट गुमाएर १ सय ११ रनको सामान्य लक्ष्य प्रस्तुत गर्यो । तर, जवाफी ब्याटिङ गरेको बुटवल राइनोज ११ ओभर २ बलमा २८ रन जोड्दा अलआउट भयो र प्रतियोगितामा सबैभन्दा कम स्कोर बनाउने टिमको इतिहास समेत बनायो ।

उसलाई सस्तैमा रोक्न न्यू होराइजनका निश्चल ज्ञवालीलले ४ ओभर बलिङ गर्दै ६ रन खर्चेर ५ विकेट लिए । यस्तै, प्रिन्स पालले ५ ओभर २ बलमा २ मेर्डनसहित १२ रन खर्चेर ५ विकेट नै लिए ।

न्यू होराइजनका निश्चल ज्ञवालीले ७७ रनको अर्धशतकीय पारी खेले पनि अन्य खेलाडीले दोहोरो अंकमा रन बटुल्न सकेनन् । बलिङमा बुटवल राइनोजका विपिन विक्रम शाही, शुभम घमाल र इमरान शेषले समान २-२ तथा सुरज सारु, सुप्रिम कँडेल र शिव कुँवरले १-१ विकेट लिए । बुटवलका सुनिल गुरुङले सर्वाधिक ८ रन बनाए ।

उसका ६ खेलाडी शून्य रनमै प्याभेलियन फर्किए । खेलमा अलराउण्ड प्रदर्शन गरेका निश्चल ज्ञवाली प्लेयर अफ द म्याच घोषित भई एक हजा र दुई सय रुपैयाँ प्राप्त गरे ।

रुपन्देही क्रिकेट संघको आयोजना र सिद्धार्थनगर नगरपालिकाको सह-प्रायोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद १ लाख १ रुपैयाँ र उप-विजेताले ५० हजार १ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

यस्तै, हरेक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय, म्यान अफ दसिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले जनही ५ हजार रुपैयाँ पाउने संघका कोषाध्यक्ष तथा खेल संयोजक निरजप्रताप खाँणले जानकारी दिए ।

# प्रेस सेन्टर गुल्मीको अध्यक्षमा पोखरेल



गुल्मी । प्रेस सेन्टर नेपाल, जिल्ला समिति गुल्मीको अध्यक्षमा हुमाकान्त पोखरेल निर्वाचित भएका छन् । आइतबार र सोमबार गुल्मी जिल्ला सदरमुकाम तम्घासमा सम्पन्न सेन्टरको जिल्ला भेलाले पोखरेलको अध्यक्षतामा २१ सदस्यीय नयाँ कार्यसमितिको गठन गरेको हो ।

समितिको उपाध्यक्षमा बासुदेब पोखरे र खुमानन्द फुल्देल, सचिवमा अमृता विश्वकर्मा, सह-सचिवमा प्रीयंका पन्थी र पुष्कर वली एवं कोषाध्यक्षमा मन्दिरा विश्वकर्मालगायत अन्य सदस्यहरू निर्विरोध निर्वाचित भएको निर्वाचन मण्डलका संयोजक कृष्ण पाण्डेले जानकारी दिए । अध्यक्ष पोखरेल यसअघि सचिव रहेका थिए ।

अधिवेशनले महेश बोहोराको संयोजकत्वमा तीन सदस्यीय सल्लाहकार समिति पनि गठन गरेको छ । जसको सदस्यमा पुष्कर खड्का र माधव ज्ञवाली रहेका छन् । कार्यक्रममा मन्तव्य राख्दै प्रमुख अतिथि समेत रहेका नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य वीरबहादुर कार्कीले जनपक्षीय पत्रकारिता गर्न आग्रह गरे ।

त्यसैगरी नवनिर्वाचित अध्यक्ष पोखरेलले संगठनलाई चुस्त दुरूस्त बनाउदैं नागरिकका आवाज बुलन्द गर्न आफुहरू झनै सक्रिय हुने बताए । जनपक्षीय पत्रकारितामा कुनै दबावमा नपर्ने उनले प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा प्रेस सेन्टर नेपालका केन्द्रीय सचिव प्रेम सुनार, माओवादी केन्द्रका लुम्बिनी प्रदेश सचिवालय सदस्य बुद्धि जिसी, प्रदेश सदस्य भुपाल पोखरेल, देविराम अर्याल, गीता थापा, जिल्ला संयोजक तेजेन्द्र सलामीलगायतको आतिथ्यता रहेको थियो ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

# प्यूठानमा १३ हजार बढी किशोरीले खोप लगाउँदै



**राधिका भुसाल**
*प्यूठान*

प्यूठान नगरपालिका ४ टारीस्थित श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालयबाट प्यूठानमा एच.पि.भि. खोप अभियान शुभारम्भ गरिएको छ ।

सोही विद्यालयकी कक्षा १० अध्ययनरत कल्पना परियारलाई खोप लगाउँदै अभियानको शुभारम्भ गरिएको हो । पाठेघरको मुखको क्यान्सरविरुद्धको राष्ट्रिय खोप अभियान भएकोले माघ २२ गतेदेखि देशभर शुभारम्भ भएको छ । प्यूठान जिल्लाका १ सय ५० वटा विद्यालय र ६५ वटा खोप केन्द्रबाट लक्षित वर्गका सबै किशोरीहरुलाई खोप लगाइने स्वास्थ्य कार्यालय प्यूठानका नि. प्रमुख मधुसुदन खड्काले जानकारी दिए ।

कक्षा ६ देखि १० सम्म पढ्ने किशोरी र विद्यालय नजाने १० देखि १४ वर्ष उमेरका गरी १३ हजार ७ सय ६३ जनालाई यो खोप लगाइने उनले बताए । खोप अभियान सफल बनाउन सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्न आग्रह समेत गरेका छन् ।

खोप अभियानको शुभारम्भ गर्दै जिल्ला समन्वय समिति प्रमुख एवं जिल्ला खोप समन्वय समितिका संयोजक धरमबहादुर जि.सी.ले खोप अभियान सफल पार्न स्वास्थ्य स्वयम्सेविका, जनप्रतिनिधि, शिक्षक, अभिभावकको मुख्य भूमिका रहने बताए ।

स्वास्थ्य र शिक्षा भनेको मानव जीवनको मुख्य पाटो भएकाले कुनैपनि किशोरीहरु खोपबाट वञ्चित नहुनका लागि सबै क्षेत्रबाट सहयोग गर्नु पर्ने उनको भनाइ छ ।

नेपालमा दैनिक ४ जना महिलाहरुले पाठेघर क्यान्सरकै कारण ज्यान गुमाउनु परेको तथ्यांक छ । क्यान्सर न्यूनीकरणका लागि यो खोपले मुख्य भूमिका खेल्नुका साथै ३० वर्षभन्दा माथिका महिलाहरुले स्वास्थ्य चौकीमा भि.आइ.ए. जाँच गरेर समयमै उपचार गर्न सकिन्छ । खोप अभियान शुभारम्भ कार्यक्रममा वडा अध्यक्ष रेशम कार्की, जिल्ला अस्पताल प्यूठानका डा. ओम प्रसाद अर्याल, प्यूठान नगरपालिका स्वास्थ्य शाखा प्रमुख गोविन्द घिमिरे लगायतको उपस्थिति रहेको थियो ।

# उपभोक्ता अदालत गठन हुने

बुटवल । सरकारले काठमाडौं उपत्यकामा उपभोक्ता सरोकार सम्बन्धी मुद्दाहरू हेर्नेगरी उपभोक्ता अदालत गठन गर्ने निर्णय गरेको छ । सोमबारको मन्त्रिपरिषद् बैठकले काठमाडौं, भक्तपुर र ललितपुरमा रहेका मुद्दाहरू हेर्नेगरी उपभोक्ता अदालत गठन गर्ने निर्णय गरेको हो ।

१२ कार्तिकमा न्यायपरिषद्ले काठमाडौं जिल्ला अदालतका न्यायाधीश रामप्रसाद शर्मालाई अध्यक्ष तोकेर उपभोक्ता अदालत गठनको सिफारिस गरेको थियो ।

उक्त अदालतको सदस्यमा सर्वोच्च अदालतका उपरजिष्ट्रार गेहेन्द्रराज रेग्मी रहनेछन् । उनी हाल विशेष अदालतमा कार्यरत छन् ।

उपभोक्ता अदालतले हाललाई तीनवटा मुद्दा हेर्नेछ । उपभोक्तालाई हानी पुगेको हकमा क्षतिपूर्तिको मुद्दा, उपभोक्ता संरक्षण ऐन बमोजिमका कसुरका मुद्दा र सरकारले तोकेका उपभोक्ता हित सरोकारका अरु मुद्दा उपभोक्ता अदालतले हेर्नेछ ।

अहिलेलाई काठमाडौं, भक्तपुर र ललितपुर जिल्ला अदालतमा विचाराधिन उपभोक्ता हित सरोकारसँग सम्बन्धित मुद्दाहरू उपभोक्ता अदालतमा सर्नेछन् ।

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

## Bardaghat Municipality
## Office of the Municipal Executive
**Bardaghat, Nawalparasi (Ba. Su. West), Lumbini Province, Nepal**

## INVITATION FOR BIDS (EBIDDING ONLY)

(Publication Date: 2025/02/05)

1. Bardaghat Municipality, Office of the Municipal Executive invites electronic bids from eligible bidders for the following work.

| S. N. | Contract No. | Description of works | Bid validity period / Bid security validity | Estimated Amount Without VAT & Contingencies | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| 1 | BAR/NCB/ Works/31 /081/082 | Procurement of Maintenance works of Black Topped Roads 1.) Jamunabot dekhi Wada Karyalaya hudai Khanepani Tanki jane Bato Ward No.2 Road and 2.) Amardeep TolLok marg dekhi Uttar Tarfa Jane Kalopatre Sadak Marmat Ward No.10, Bardaghat Municipality | 90/120 days | 87,57,173.22 | 2,50,000 | 3,000 |

| Account No. for bid document purchase fee: | Account No. for bid security deposit: |
|---|---|
| **Name of Bank:** NIC ASIA Bank Ltd., Bardaghat, Nawalparasi<br>**Name of Office:** Bardaghat Municipality, Bardaghat<br>**Account Number (AntarikRajaswo):** 0832050028211002<br>**Office Code Number:** 14229 | **Name of Bank:** NIC ASIA Bank Ltd., Bardaghat, Nawalparasi<br>**Name of Office:** Bardaghat Municipality, Bardaghat<br>**Account Number (DharautiKhata):** 8341498482524004 |
| **Deadline of bid submission**<br>2025/03/07 till 12:00 Noon | **Date and time of bid opening**<br>2025/03/07 at 2:00 PM |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bardaghat Municipality, Bardaghat, Nawalparasi, Website: www.bardaghatmun.gov.np, PPMO website: www.bolpatra.gov.np/egp Email Id: bardaghatmunicipality@gmail.com , Tel: 078-580210, 078-580407

**Chief Administrative Officer**

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com